माननीय सिता बादी
मन्त्री
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक
र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार
Government of Nepal

Hon'ble Sita Badi
Minister
Ministry of Women, Children, Gender and
sexual Minorities and Social Security
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

## विश्व अल्जाइमर्स दिवस २०२६

## शुभकामना सन्देश

प्रत्येक वर्ष सेप्टेम्बर २१ मा अल्जाइमर्स तथा डिमेन्सियाजस्ता स्मरणशक्ति र मस्तिष्कसँग सम्बन्धित समस्याबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले मनाइने विश्व अल्जाइमर्स दिवस २०२६ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमा-बुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

यस दिवसले अल्जाइमर्स तथा डिमेन्सियाजस्ता रोगको प्रारम्भिक पहिचान, उचित उपचार तथा हेरचाहको महत्त्व उजागर गर्दछ। यस वर्षको अन्तर्राष्ट्रिय नारा **"The Earlier You Know; The More You Can Do: A Dementia Diagnosis Matters."** रहेको छ भने नेपाली नारा **"जति छिटो हुन्छ ज्ञान; उति सहज निदानः महत्वपूर्ण छ डिमेन्सियाको पहिचान"** रहेको छ।

देशको कूल जनसङ्ख्यामा ज्येष्ठ नागरिकको संख्या बढ्दै गइरहेको वर्तमान अवस्थामा नेपालमा पनि अल्जाइमर्स तथा डिमेन्सियाको चुनौती बढ्दो छ। उक्त चुनौतिको सम्बोधन गर्न त्यस्ता रोगको प्रारम्भिक पहिचान, स्वस्थ जीवनशैली, उचित खानपान, उपचार तथा सम्मानजनक हेरचाहमा विशेष ध्यान दिन आवश्यक छ। अल्जाइमर्सबाट पीडित व्यक्तिप्रति कुनै पनि प्रकारको विभेद वा हेयभाव नगरी परिवार, समुदाय, सरकार तथा सरोकारवाला सबैको सहकार्यमा पीडित तथा प्रभावित व्यक्तिहरूको सहयोग र संरक्षण सुनिश्चित गर्नु हामी सबैको जिम्मेवारी हो।

ज्येष्ठ नागरिकको सम्मान, संरक्षण र सुरक्षाप्रति हाम्रो संवेदनशीलता विपद्को समयमा अझ महत्वपूर्ण हुन्छ। यसै सन्दर्भमा, यस वर्ष भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट ज्यान गुमाउनुभएका सम्पूर्ण ज्येष्ठ नागरिकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, घाइते तथा प्रभावित ज्येष्ठ नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उद्धार, राहत, पुनःस्थापना, स्वास्थ्य तथा मनोसामाजिक सहयोगलगायतका कार्यमा मन्त्रालले सरोकारवालासँग निरन्तर रूपमा समन्वय र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

नेपाल सरकार
Government of Nepal

माननीय सिता बादी
मन्त्री
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौँ, नेपाल

Hon'ble Sita Badi
Minister
Ministry of Women, Children, Gender and sexual Minorities and Social Security
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

अन्त्यमा, "जति छिटो हुन्छ ज्ञान; उति सहज निदानः महत्वपूर्ण छ डिमेन्सियाको पहिचान" भन्ने सन्देशलाई आत्मसात् गर्दै अल्जाइमर्सका लक्षण प्रारम्भिक चरणमै पहिचान गर्ने, उपचार गर्ने, पीडित व्यक्तिको उचित हेरचाह गर्ने र स्वस्थ जीवनशैली अपनाउने प्रेरणा सबैमा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

सिता बादी

मन्त्री